# वनस्पति र वनस्पति स्रोतको सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७१

**प्रस्तावना** : मुलुकको महत्वपूर्ण प्राकृतिक सम्पदाको रुपमा रहेको वनस्पति र वनस्पति स्रोतको अध्ययन, अनुसन्धान र पहिचान तथा त्यसको संरक्षण, सम्बर्द्धन, व्यवस्थापन तथा उपयोग सम्बन्धमा दिगो व्यवस्था स्थापित गर्नको लागि कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "वनस्पति ऐन, २०७१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "इजाजतपत्र" भन्नाले दफा ६ र ७ बमोजिम जारी भएको इजाजतपत्र सम्झनु पर्छ ।

(ख) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "पहिचान" भन्नाले वनस्पति प्रजातिको वैज्ञानिक नामाकरण सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले वन तथा भू-संरक्षण मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "वनस्पति" भन्नाले खाद्यान्न उत्पादनको लागि प्रयोग हुने वनस्पति वाहेकका जीवित वा मृत सवै वनस्पति प्रजातिलाई जनाउँछ । यो शब्दले लेउ, ढुसी, च्याउ, झ्याउ वा यस्तै प्रकारका अन्य वनस्पति समेतलाई जनाउँछ ।

(च) "वनस्पति उद्यान" भन्नाले दफा १४ बमोजिम स्थापना गरिएको वनस्पति उद्यान क्षेत्र सम्झनु पर्छ र सो शव्दले वानस्पतिक जैविक विविधताको संरक्षणको लागि घोषणा गरिएको जैविक विविधता उद्यान समेतलाई जनाउँछ ।

(छ) "वनस्पति स्रोत" भन्नाले जीवित वा निर्जीव अवस्थामा रहेका फुल फुल्ने वा नफुल्ने कुनै पनि प्रकारका बोट विरुवाको हाँगा विँगा, बोक्रा, जरा, पात, काण्ड, फूल, कुनै अंश, विऊ, जर्मप्लाजम् वा आनुवंशिक पदार्थ सम्झनु पर्छ ।

(ज) "विशेष वनस्पति क्षेत्र" भन्नाले कुनै खास प्रजातीका वनस्पतिको संरक्षण र प्रबर्द्धनको लागि दफा १५ को उपदफा (१) बमोजिम विशेष वनस्पति क्षेत्रको रुपमा घोषणा गरिएको क्षेत्र सम्झनु पर्छ ।

(झ) "विभाग" भन्नाले वनस्पति विभाग सम्झनु पर्छ ।

(ञ) "परिषद" भन्नाले दफा २२ बमोजिम गठित वनस्पति स्रोत व्यवस्थापन परिषद सम्झनु पर्छ ।

(ट) "संरक्षक" भन्नाले वनस्पति उद्यान, विशेष वनस्पति क्षेत्र, वा हर्वेरियमको संरक्षण तथा व्यवस्थापनको लागि नेपाल सरकारले प्रमुखको रुपमा खटाएको कर्मचारी सम्झनुपर्छ ।

(ठ) "संरक्षित वनस्पति" भन्नाले अनुसूची-१ बमोजिमका वनस्पति सम्झनु पर्छ ।

(ड) "संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भई वनस्पति वा वनस्पति स्रोत सम्बन्धी कार्य गर्ने उद्देश्य भएको सङ्गठित संस्था सम्झनु पर्छ ।

(ढ) "हर्वेरियम" भन्नाले वैज्ञानिक पद्धति अनुसार राखिएको वनस्पतिको नमूना र सो को अभिलेख राखिएको स्थान सझनु पर्छ ।

(ण) "सिड बैंक" भन्नाले वनस्पति वा वनस्पतिको जिवीत अंग वा अंशहरु पुनरुत्पादन गर्न सकिने गरी संग्रहित र संरक्षित विउ, जर्मप्लाजम् वा आनुवंशिक पदार्थ रहेको स्थानलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## वनस्पति र वनस्पति स्रोतको नियमन सम्बन्धी व्यवस्था

३. **वनस्पति र वनस्पति स्रोतको स्वामित्व** : नेपाल भित्र रहेको सम्पूर्ण वनस्पति र वनस्पति स्रोतको स्वामित्व नेपाल सरकारमा रहनेछ । कसैले पनि यस्तो चिजको स्वामित्व दावी गर्न पाउने छैन ।

४. **पेटेण्ट राइट नेपाल सरकारमा निहीत रहने** : (१) नेपालका वनस्पति स्रोतको पेटेण्ट राइटको एकाधिकार नेपाल सरकारमा रहनेछ । कसैले पनि नेपालका वनस्पतिको पेटेण्ट राइट दावी गर्न वा दर्ता गराउन पाउने छैन ।

(२) नेपालमा पाइने वनस्पति वा वनस्पति स्रोतको उपयोग गरी कसैले नेपालमा तयार गरेको कुनै उत्पादनको पेटेण्ट राइट दावी गर्न वा दर्ता गर्न यो दफाले वाधा पुऱ्याएको मानिने छैन ।

तर यस उपदफा बमोजिम नेपालका वनस्पति प्रयोग गरी तयार गरिएको उत्पादनको पेटेण्ट राइट दर्ता गर्नु पूर्व विभागबाट अनुमति लिनु पर्नेछ ।

(३) उपदफा (२) वमोजिमको अनुमति सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

५.	**अनुमति दिन सकिने :** (१) नेपाल सरकारले नेपालका वनस्पति र वनस्पति स्रोतको मानव वा पशु स्वास्थ्य वा अन्य व्यवसायिक प्रयोजन (बायोप्रोस्पेक्टिङ) का लागि संभाव्यता अध्ययन गर्ने अनुमति दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको अनुमति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६.	**संकलनको लागि इजाजत लिनुपर्ने :** (१) तोकिएको निकायवाट इजाजत नलिई नेपालका कुनै पनि वनस्पति वा वनस्पति स्रोतको नमूना संकलन गर्न पाइने छैन ।

तर आफ्नो परम्परा अनुसार धार्मिक वा सास्कृतिक कार्यको लागि सानो परिणाममा वनस्पति प्रजाति वा वनस्पति स्रोतको संकलन गर्न वा परम्परागत रुपमा औषधिको प्रयोग गर्दै आएका वैद्य, कविराज वा अन्य औषधि प्रयोगकर्ताले औषधिको प्रयोजनको लागि वनस्पति उद्यान वा विशेष वनस्पति क्षेत्र वाहेकको अन्य स्थानबाट वनस्पति प्रजाति वा वनस्पति स्रोत संकलन गर्नको लागि अनुमति लिनुपर्ने छैन ।

(२) उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेखित अवस्थामा बाहेक दफा (११) बमोजिमका संरक्षित वनस्पतिको नमुना संकलन गर्न पाईने छैन ।

(३) उपदफा (१) वमोजिमको इजाजत सम्वन्धि व्यवस्था तोकिए वमोजिम हुनेछ ।

७.	**अध्ययन अनुसन्धानको लागि इजाजत लिनु पर्ने :** (१) विभागवाट इजाजत नलिई नेपालका कुनै पनि वनस्पति वा वनस्पति स्रोतको अध्ययन अनुसन्धान गर्न पाइने छैन ।

(२) नेपाल सरकारका अनुसन्धान निकाय वा नेपालका विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थी र अध्यापन गर्ने शिक्षकहरुले गर्ने अनुसन्धानलाई यो दफाले वाधा पुऱ्याउने छैन ।

(३) उपदफा (१) बमोजिमको इजाजत सम्वन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८.	**प्रकाशनको लागि अनुमति लिनु पर्ने :** (१) विभागवाट अनुमति नलिई नेपालको कुनै पनि वनस्पति वा वनस्पति श्रोत सम्बन्धी अध्ययन अनुसन्धानको विवरण वा सारांश प्रकाशन गर्न पाइने छैन ।

(२) नेपाल सरकारका अनुसन्धान निकाय वा नेपालका विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थी र अध्यापन गर्ने शिक्षकहरुले अध्ययन अनुसन्धानको विवरण नेपालभित्र सार्वजनिक गर्न यो दफाले वाधा पुऱ्याउने छैन ।

तर त्यस्तो विवरणको जानकारी भने विभागलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अनुमति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९.	**विदेश लैजान निषेध :** (१) नेपालको कुनै पनि जीवित वा मृत वनस्पति वा वनस्पति स्रोत नेपालको सीमा वाहिर लैजान पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले कुनै खास प्रयोजनको लागि अध्ययन अनुसन्धान गर्न तोकिएको कार्यविधि अनुसार नेपालको कुनै जीवित वा मृत वनस्पति वा हर्वेरियमको नमुना वा वनस्पति स्रोत नेपालको सीमा बाहिर लैजान अनुमति दिन यो दफाले वाधा पुऱ्याएको मानिनै छैन ।

(३) उपदफा (२) बमोजिम दिइने अनुमति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. <u>अनुमति नलिइ गर्न नहुने</u> **कार्य** : (१) तोकिएको निकायवाट अनुमति नलिईकन कसैले पनि देहायका कार्य गर्न गराउन हुदैन ।

(क) कुनै पनि जीवित वनस्पति वा वीउ वा पुनरुत्पादन हुन सक्ने वनस्पतिको अगं नेपाल भित्र्याउन,

(ख) नेपालको वनस्पतिको परस्थानीय संरक्षण गर्न, विरुवा उत्पादन गर्न वा वीउ उत्पादन गर्न,

(ग) नेपालका वनस्पतिबाट टिस्युकल्चर जस्ता कृतिम प्रविधि प्रयोग गरी विरुवा वा विउ उत्पादन गर्न,

(घ) नेपालका वनस्पति वा विउको कृतिम हाइव्रिडाइजेसन गरी नयाँ विरुवा वा विउ उत्पादन गर्न,

(ङ) नेपालका वनस्पतिको जेनेटिक अवयव प्रयोग गरी जेनेटिकल्ली मोडिफाइड वनस्पति उत्पादन गर्न,

(च) खण्ड (ख), (ग), (घ) र (ङ) को व्यवस्था विदेशको प्राकृतिक वासस्थानमा पाइने तर नेपालको भू भागमा परस्थानीय रुपमा रहेका वनस्पतिको हकमा समेत लागु हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुमति सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

११. <u>**संरक्षित वनस्पति सम्बन्धी व्यवस्था**</u> : कसैले पनि नेपालका संरक्षित वनस्पति वा वनस्पति स्रोतको संकलन, बिक्री वितरण र ओसार पसार गर्न पाउने छैन ।

तर स्वीकृत मापदण्ड र तोकिएको कार्यविधि अनुसार विभागवाट अनुमति लिएर उत्पादित वनस्पतिको प्रशोधन गर्न र औषधी उत्पादन गरी बिक्री वितरण गर्न यो दफाले वाधा पुऱ्याउने छैन ।

१२. <u>**इजाजतपत्र तथा अनुमति रद्ध गर्न सक्ने**</u> : दफा ६ र ७ बमोजिम दिइएको इजाजतपत्र तथा दफा ४, ५, ८, ९, १० र ११ बमोजिम दिइएको अनुमति विभागले देहायका अवस्थामा रद्ध गर्न सक्नेछ :-

(क) दफा १७, १८ र २० बमोजिमका निषेधित कार्य गरेमा,

(ख) इजाजतपत्र वा अनुमति दिदा तोकिएका शर्तहरुको पालना नगरेमा,

(ग) विभाग वा संरक्षकले दिएको लिखित आदेशको पालना नगरेमा,

(घ) तोकिए बमोजिमका अन्य निषेधित कार्य गरेमा ।

## परिच्छेद-३

## वनस्पति र वनस्पति स्रोतको पहिचान र संरक्षण सम्बन्धी व्यवस्था

१३. **पहिचान गर्ने** : (१) वनस्पति वा वनस्पति स्रोतको पहिचान गर्ने आधिकारिक निकायको रुपमा विभाग रहनेछ ।

(२) विभागले कुनै वनस्पति वा वनस्पति श्रोतको पहिचान, रासायनिक तथा वंशाणुगत गुण, जैविक असर जस्ता विषय एकीन गरी प्रमाणित गर्न सक्नेछ ।

(३) विभागले कुनै पनि वनस्पति वा वनस्पति स्रोत प्रयोग गरी उत्पादित वस्तुहरुमा तोकिए बमोजिमको गुणस्तर भए नभएको वा मिसावट, हानिकारक तत्व र हानिकारक जिव भए नभएको एकीन गरी प्रमाणित गर्न सक्नेछ ।

१४. **वनस्पति उद्यान स्थापना गर्न सक्ने** : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वनस्पति स्रोतको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन गर्ने प्रयोजनको लागि नेपालका विभिन्न भागमा वनस्पति उद्यान स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएको वनस्पति उद्यानमा वनस्पति प्रजातिको आनुवंशिक स्रोतको संरक्षणको लागि सिड बैंकको व्यवस्था गरिनेछ ।

(३) उपदफा (२) अनुसार स्थापित सिड बैंकको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(४) वनस्पति उद्यानमा वनस्पति र वनस्पति स्रोतको अध्ययन, अनुसन्धान, संरक्षण, सर्म्बद्धन तथा व्यवस्थापन वा सोसँग सम्बन्धित कार्य बाहेक वनस्पति वा वनस्पति स्रोतलाई हानि पुग्ने अन्य कुनै कार्य गर्न वा गराउन हुँदैन ।

१५. **विशेष वनस्पति क्षेत्र घोषणा गर्न सक्ने** : (१) नेपाल सरकारले खास प्रजातीका वनस्पतिको संरक्षण र प्रबर्द्धनको लागि नेपाल राजपत्रमा सुचना प्रकाशन गरी त्यस्ता वनस्पति पाइने नेपालको कुनै क्षेत्रलाई त्यसको चार किल्ला खुलाई विशेष वनस्पति क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) विषेश वनस्पति क्षेत्र भित्रको कुनै क्षेत्रलाई नेपाल सरकारले वनस्पतिको विशेष अनुसन्धान तथा संरक्षण क्षेत्रको रुपमा तोक्न र सो क्षेत्रमा कुनै कार्य गर्नबाट निषेध गर्न आवश्यक सूचना जारी गर्न सक्नेछ ।

(३) विशेष वनस्पति क्षेत्रमा वनस्पति र वनस्पति स्रोतको अध्ययन, अनुसन्धान, संरक्षण, सर्म्बद्धन तथा व्यवस्थापन वा सोसँग सम्बन्धित कार्य बाहेक वनस्पति र वनस्पति स्रोतलाई हानि पुग्ने अन्य कुनै कार्य गर्न वा गराउन हुँदैन ।

(४) नेपाल सरकारले उपदफा (१) बमोजिम घोषणा गरिएको विशेष वनस्पति क्षेत्रको सीमाना हेरफेर वा थपघट गर्न सक्नेछ ।

(५) विशेष वनस्पति क्षेत्रको संरक्षण तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **जग्गा प्राप्त गर्न सक्ने** : नेपाल सरकारले दफा १४, १५ र २१ को प्रयोजनको लागि सार्वजनिक वा सरकारी जग्गा पर्याप्त नभई कसैको जग्गा प्राप्त गर्नु परेमा प्रचलित कानुन बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ ।

१७. **वनस्पति उद्यान वा विशेष वनस्पति क्षेत्रमा प्रवेशमा बन्देज** : (१) संरक्षक वा सो कामको लागि नेपाल सरकारबाट अधिकार प्राप्त कर्मचारीको लिखित अनुमति नलिई कुनै पनि व्यक्ति वनस्पति उद्यान वा विशेष वनस्पति क्षेत्र भित्र प्रवेश गर्न पाउने छैन ।

(२) वनस्पति उद्यान वा विशेष वनस्पति क्षेत्रमा प्रवेश सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **वनस्पति उद्यान वा विशेष वनस्पति क्षेत्र भित्र गर्न निषेध गरिएका कार्य** : कुनै पनि व्यक्तिले वनस्पति उद्यान वा विशेष वनस्पति क्षेत्रमा देहायका कामहरु गर्न पाउने छैन :-

(क) कुनै पनि किसिमका वनस्पति, झाडी बुट्यान, रुख विरुवाहरु मास्न, काट्न, फाँड्न, हटाउन वा क्षति पुऱ्याउन,

(ख) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रम वा आकार बनाउन वा भोग गर्न,

(ग) कुनै भू-भाग कब्जा गर्न, फाड्न वा आवाद गर्न,

(घ) घरपालुवा पशु वा पंक्षी चरीचराउ गराउन,

(ङ) ढुङ्गा, गिटी, वालुवा, माटो निकाल्न वा हटाउन वा खानी सञ्चालन गर्न,

(च) कुनै प्रकारको वनस्पति स्रोत काट्न, ढाल्न, हटाउन, छेक्न, छाँट्न, आगो लगाउन वा अरु कुनै किसिमले हानी पुऱ्याउन,

((छ) वनस्पति उद्यान वा विशेष वनस्पति क्षेत्र भित्र वा बाहिरबाट आगो बाली वनस्पति स्रोतलाई क्षति पुऱ्याउन,

(ज) वनस्पति उद्यान, वा विशेष वनस्पति क्षेत्र भित्र रहेका, वा त्यस्तो क्षेत्रमा आउने वा त्यस्तो क्षेत्र भएर जाने कुनै खोला, मुहान, ताल तलैया, नदी थुनछेक गर्न, बाँध बाँधी अन्यत्र लैजान, उत्खनन गर्न वा बेचविखन गर्न,

(झ) खण्ड (ज) बमोजिमको पानीका स्रोतमा विषादी मिसाउन,

(ञ) सिकार गर्न,

(ट) वनस्पति उद्यान वा विषेश वनस्पति क्षेत्रको चारकिल्लाको सिमाना, प्रवेशद्वार, पर्खाल, साइनबोर्ड, सूचनापाटी, चिन्हपट, भौतिक संरचना भत्काउन, हटाउन, तोडमोड गर्न, हानी नोक्सानी पुऱ्याउन,

(ठ) तोकिए बमोजिम अन्य काम गर्ने ।

१९. **हर्वेरियम सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकारले नेपाल भित्र पाईने विभिन्न जाति, प्रजातिका वनस्पति र वनस्पति स्रोतको आधिकारिक अभिलेख सहितको नमूना सङ्ग्रह गर्न विभाग अन्तर्गत रहने गरी एक राष्ट्रिय हर्वेरियम र सो हर्वेरियम अन्तर्गत रहने गरी अन्य क्षेत्रीय हर्वेरियमको स्थापना गर्न सक्नेछ ।

(२) संरक्षकको अनुमती नलिई कुनै पनि व्यक्ति हर्वेरियममा प्रवेश गर्न पाउने छैन ।

(३) नेपाल सरकारले संरक्षण तथा व्यवस्थापनको लागि हर्वेरियम संग्रह गरिएको क्षेत्र र सोको वरिपरी कुनै कार्य गर्नबाट निषेध गर्न आवश्यक सूचना जारी गर्न सक्नेछ ।

(४) हर्वेरियम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. **साथमा राख्न वा लैजान निषेध गरिएका वस्तुहरु** : संरक्षकको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले वनस्पति उद्यान, विशेष वनस्पति क्षेत्र वा हर्वेरियममा प्रवेश गर्दा देहायका चिज वस्तुहरु साथमा लैजान, राख्न वा प्रयोग गर्न पाउने छैन :-

(क) हात हतियार, विष, विष्फोटक पदार्थ वा सो प्रयोग गर्ने साधनहरु,

(ख) कुनै पनि प्रकारका वनस्पति स्रोतहरु,

(ग) तोकिए बमोजिमका अन्य चिज बस्तुहरु ।

२१. **जडिबुटी अनुसन्धान केन्द्र स्थापना गर्न सक्ने** : (१) नेपाल सरकारले जडिबुटीको रुपमा प्रयोग हुने स्वदेशी तथा विदेशी वनस्पतिको अध्ययन, अनुसन्धान, उत्पादन र प्रर्दशनी तथा जडिबुटीको व्यवसायिक खेतीको सिफारिस गर्नको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जडिबुटी अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछ ।

(२) जडिबुटी अनुसन्धान केन्द्रको सञ्चालन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## वनस्पति तथा वनस्पति स्रोत व्यवस्थापन परिषद सम्बन्धी व्यवस्था

२२. **परिषदको गठन** : (१) नेपालमा रहेका वनस्पति वा वनस्पति स्रोतको संरक्षण, प्रबर्द्धन तथा दिगो व्यवस्थापनको लागि वनस्पति तथा वनस्पति स्रोत व्यवस्थापन परिषदको गठन गरिने छ ।

(२) उपदफा (१) बमोजिम गठन गरिने परिषदमा देहायका सदस्य रहनेछन् :

(क) वन तथा भू-संरक्षण मन्त्री - अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (वन क्षेत्र हेर्ने) - सदस्य

(ग) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय - सदस्य

(घ) सहसचिव, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(ङ) महानिर्देशक, आयुर्वेद विभाग - सदस्य

(च) महानिर्देशक, उद्योग विभाग - सदस्य

(छ) महानिर्देशक, कृषि विकास विभाग -सदस्य

(ज) महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग - सदस्य

(झ) महानिर्देशक, गुणस्तर तथा नापतौल विभाग - सदस्य

(ञ) महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग - सदस्य

(ट) महानिर्देशक, वन विभाग - सदस्य

(ठ) महानिर्देशक, वाणिज्य विभाग - सदस्य

(ड) विभागीय प्रमुख, केन्द्रीय वनस्पति विभाग, त्रिभुवन विश्वविद्यालय - सदस्य

(ढ) मन्त्रालयले मनोनित गरेको सम्बन्धित विषयको विशेषज्ञ - सदस्य

(ण) जडिबुटी एवं गैरकाष्ठ वन पैदावारको क्षेत्रमा कार्यरत नेपाली गैर सरकारी संस्थाहरुमा कार्यरत व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनित गरेको कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(त) प्रतिनिधि, जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड - सदस्य

(थ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(द) महानिर्देशक, वनस्पति विभाग - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ढ) र (ण) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) परिषदको बैठक आवश्यकता अनुसार र कम्तीमा तीन महिनाको एक पटक बस्नेछ ।

(५) परिषदको बैठक सम्बन्धी कार्यविधि परिषदले निर्धारण गरे बमोजिम हुनेछ ।

२३. **परिषदको काम, कर्तव्य र अधिकार** : (१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त परिषदको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपालका वनस्पति र वनस्पति स्रोतको विकास र उपयोगको लागि राष्ट्रिय नीति तर्जुमा गर्न नेपाल सरकारलाई सुझाव दिने,

(ख) नेपालका वनस्पति र वनस्पति स्रोतको संरक्षण, अनुसन्धान, प्रविधि विकास, बजार व्यवस्थापन, तालीम सञ्चालन र प्रचार प्रसार सम्बन्धी कार्यक्रम अनुगमन गर्ने,

(ग) नेपालका वनस्पति र वनस्पति स्रोतमा आधारित वस्तुहरुको निर्यात प्रबर्द्धन सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयनको व्यवस्था मिलाउने,

(घ) वनस्पति र वनस्पति स्रोत संरक्षणको लागि विशेष क्षेत्रहरुको पहिचान गरी विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(ङ) यस ऐन बमोजिम दिइने इजाजतपत्र र अनुमतिपत्र सम्वन्धमा मापदण्ड स्वीकृत गर्ने,

(च) खण्ड (ङ) बमोजिम तोकिएको कार्यविधि अनुसार प्रदान गर्ने इजाजतपत्र र अनुमतिपत्रको मापदण्ड तयार गर्ने,

(छ) नेपालका वनस्पति स्रोतको पेटेण्टिङ सम्बन्धमा निर्णय गर्ने,

(ज) वनस्पतिजन्य उत्पादन वा सोको कच्चा पदार्थको राष्ट्रिय वा अन्तर्राष्ट्रिय व्यापार व्यवसाय गर्नको लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप हुने गरी राष्ट्रिय मापदण्ड बनाउने,

(झ) नेपालमा वनस्पति र वनस्पति स्रोतको अध्ययन र विश्लेषणको लागि स्थापना हुने प्रयोगशालाको मापदण्ड निर्धारण गरी कार्यान्वयन गराउने,

(ञ) नेपालमा वनस्पति र वनस्पति स्रोतको अध्ययन र विश्लेषणको लागि संचालित प्रयोगशालाहरुलाई मान्यता प्रदान गर्ने,

(ट) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(२) परिषदले आफ्नो कार्य सम्पादन गर्ने क्रममा वार्षिक तथा अर्धवार्षिक योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्नेछ ।

## परिच्छेद-६

## कसूर र दण्ड सजाय

२४. **<u>कसूर</u>** : कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ :-

(क) दफा ४ को उपदफा (१) विपरित नेपालका वनस्पति वा वनस्पति स्रोतको पेटेण्ट राइट दावी गरेमा वा दर्ता गराएमा,

(ख) दफा ५ को उपदफा (१) बमोजिम अनुमति नलिई संभाव्यता अध्ययनको कार्य गरेमा,

(ग) दफा ६ को उपदफा (१) बमोजिम इजाजत नलिई नेपालका कुनै पनि वनस्पति, वनस्पति श्रोत वा वनस्पति प्रजातिको नमूना सङ्कलन गरेमा,

(घ) दफा ७ को उपदफा (१) बमोजिम इजाजत नलिई नेपालका कुनै पनि वनस्पति, वनस्पति स्रोत वा वनस्पति प्रजातीको अध्ययन अनुसन्धानको कार्य गरेमा,

(ङ) दफा ८ को उपदफा (१) बमोजिम अनुमति नलिई नेपालको कुनै पनि वनस्पति वा वनस्पति प्रजातीका वा वनस्पति स्रोत सम्वन्धि अध्ययन अनुसन्धानको विवरण वा सारांश प्रकाशन गरेमा,

(च) दफा ९ को उपदफा (१) बमोजिम नेपालको कुनै पनि जीवित वा मृत वनस्पति वा वनस्पति स्रोत नेपालको सीमा वाहिर लगेमा,

(छ) दफा १० को उपदफा (१) मा तोकिएका कार्य अनुमति नलिइ गरे गराएमा,

(ज) दफा १४ को उपदफा (३) बमोजिम वनस्पति उद्यानमा वनस्पति वा वनस्पति स्रोतलाई हानि पुग्ने अन्य कुनै कार्य गरे गराएमा,

(झ) दफा १५ को उपदफा (३) बमोजिम विशेष वनस्पति क्षेत्रमा वनस्पति वा वनस्पति स्रोतलाई हानि पुग्ने अन्य कुनै कार्य गरे गराएमा,

(ञ) दफा १७ को उपदफा (१) बमोजिम संरक्षक वा सो कामको लागि नेपाल सरकारबाट अधिकार प्राप्त कर्मचारीको लिखित अनुमति नलिई कुनै पनि व्यक्ति वनस्पति उद्यान वा विशेष वनस्पति क्षेत्र भित्र प्रवेश गरेमा,

(ट) दफा १८ बमोजिम वनस्पति उद्यान वा विशेष वनस्पति क्षेत्र भित्र गर्न निषेध गरिएका कार्य गरेमा,

(ठ) दफा १९ को उपदफा (२) बमोजिम संरक्षकको अनुमती नलिई हर्वेरियममा प्रवेश गरेमा वा उपदफा (३) बमोजिम निषेध गरिएको कार्य गरेमा,

(ड) दफा २० बमोजिम तोकिएका चिज वस्तु संरक्षकको लिखित अनुमति नलिई वनस्पति उद्यान, विषेश वनस्पति क्षेत्र वा हर्वेरियम प्रवेश गर्दा साथमा लैजाने, राख्ने वा प्रयोग गर्ने कार्य गरेमा ।

२५. **दण्ड सजाय** : (१) देहाय बमोजिमको कसुर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछ :

(क) दफा २४ को खण्ड (क) बमोजिमको कसुर गर्नेलाई कसुरको मात्रा अनुसार पाँच बर्षदेखि दश बर्षसम्म कैद वा पचास हजार रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(ख) दफा २४ को खण्ड (ख), (च) र (छ) बमोजिमको कसुर गर्नेलाई कसुरको मात्रा अनुसार दुई वर्ष देखि पाँच बर्षसम्म कैद वा पच्चीस हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(ग) दफ २४ को खण्ड (ग), (घ) र (ङ) बमोजिमको कसुर गर्नेलाई कसुरको मात्रा अनुसार छ महिना देखि दुई वर्षसम्म कैद वा दश हजार देखि पच्चीस हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुने छ ।

(ग) खण्ड (क),(ख) र (ग) मा लेखिए देखि बाहेक यस ऐन वा यस ऐन अन्तरगत बनेको नियम विपरित कुनै कार्य गर्ने व्यक्तिलाई कसुरको मात्रा अनुसार दुई महिना सम्म कैद वा दश हजार रुपैयाँसम्म जरीबाना वा दुवै सजाय हुनेछ ।

(२) यस ऐन बमोजिमको कसुर गर्ने व्यक्तिलाई मद्धत गर्ने मतियारलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) यस ऐन अन्तर्गतको कसुरको अनुसन्धान र तहकिकात सम्बन्धी कार्यमा बाधा विरोध गर्ने व्यक्ति लाई दुई महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन विपरित गरेको कसुरबाट वनस्पति उद्यान वा विषेश वनस्पति क्षेत्र वा हर्वेरियमको भौतिक संरचनामा क्षति पुगेको अवस्थामा पुग्न गएको क्षतिको दोब्बर जरिवाना समेत गरिनेछ ।

२६. जफत हुने : यस ऐन अन्तर्गतको कसूर गर्न प्रयोग भएका साधन वा त्यस्तो कसूरसँग सम्बन्धित वनस्पति वा वनस्पति स्रोत तथा सो सँग सम्बन्धित अन्य बस्तु वा सामग्री र ढुवानी गर्ने सवारी साधन समेत जफत हुनेछ ।

तर सार्वजनिक प्रयोगका लागि उपयोग हुने सवारी साधनको हकमा त्यस्तो सवारी साधन यस ऐन अन्तर्गतको कसूर गर्न प्रयोग गरिएको कुरा सवारी धनी वा सञ्चालकलाई थाहा थिएन भन्ने कुराको प्रमाण निजले पेश गरेमा भने त्यस्तो सवारी साधन जफत गरिने छैन ।

## परिच्छेद-६

## मुद्दाको अनुसन्धान र दायरी

२७. **अनुसन्धान अधिकृत** : यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा तहकिकात गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

२८. **अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार** : (१) अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कसूरदारलाई तत्काल गिरफ्तार गरी आवश्यक कारबाही गर्ने,

(ख) यस ऐन अर्न्तगतको कसूरमा अनुसन्धान तथा तहकिकात गर्दा वा सबुद प्रमाण संकलन गर्दा प्रचलित कानुनको अधीनमा रही जुनसुकै कार्यालय, घर, भवन, गोदाम, सवारी साधन वा अन्य कुनै स्थानको खानतलासी लिने वा लिन लगाउने,

(ग) कसूरसँग सम्बन्धित कुनै नमूना वा दशी प्रमाण प्राप्त भएमा बरामद गर्ने ।

(२) अनुसन्धान अधिकृतलाई यस ऐन अर्न्तगतको कसूरमा अनुसन्धान र तहकिकात गर्दा अभियुक्तलाई बयान गराउने, सरजमिन मुचुल्का तयार गर्ने समेत कानुन बमोजिम प्रहरी अधिकृतलाई भए सरहको अधिकार हुनेछ ।

२९. **अभियुक्तलाई थुनामा राख्ने** : (१) यस ऐन अन्तर्गतको कसूरमा कारबाही चलाईएको कुनै व्यक्तिले कुनै प्रमाण लोप वा नास गर्न सक्ने वा अनुसन्धान वा तहकिकातमा बाधा व्यवधान वा प्रतिकुल प्रभाव पार्न सक्ने वा अभियुक्त भागी जाने पर्याप्त कारण भएमा अनुसन्धान अधिकृतले निजलाई प्रचलित कानुन बमोजिम थुनुवा पूर्जी दिई थुनामा राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै आरोपित व्यक्ति वा अभियुक्तलाई अनुसन्धानको सिलसिलामा थुनामा राख्नु परेमा बाटाको म्याद बाहेक पक्राउ गरेको चौवीस घण्टाभित्र निजलाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमती माग भएमा सम्बन्धित मुद्दा हेर्ने अधिकारीले अनुसन्धान सन्तोषजनक भए वा नभएको विचार गरी एकै पटक वा पटक पटक गरी तीस दिन सम्म थुनामा राख्ने अनुमती दिन सक्नेछ ।

३०. **नेपाल सरकार वादी हुने** : (१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी हुनेछ ।

(२) यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान सम्पन्न भएपछि अनुसन्धान अधिकृतले मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ र सरकारी वकीलबाट मुद्दा चल्ने निर्णय भएमा अनुसन्धान अधिकृतले मुद्दा दायर गर्नु पर्नेछ ।

## परिच्छेद-७

## विविध

३१. **साझेदारीमा जडीवुटी खेती गर्न सकिने** : (१) सार्वजनिक नीजि साझेदारीमा जडीवुटी खेती प्रविधि विकास, विस्तार, उत्पादन, प्रशोधन एवम् वजार प्रवर्द्धन गर्न सकिनेछ ।

(२) साझेदारीमा जडीवुटी खेती प्रविधि विकास, विस्तार, उत्पादन, प्रशोधन एवम् वजार प्रवर्द्धन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३२. **प्रयोगशाला सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी वनस्पतिको पहिचान, जैविक तथा रासायनिक परीक्षण, स्तरीकरण, गुणस्तर निर्धारण, प्रविधि

विकासका लागि एक राष्ट्रियस्तरको प्रयोगशाला र सो प्रयोगशाला अन्तर्गत आवश्यकता अनुसार क्षेत्रीय प्रयोगशालाको स्थापना गर्न र कार्य विभाजन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको प्रयोगशालाबाट कुनै व्यक्ति वा संस्थाले वनस्पति स्रोतको पहिचान, गुणस्तर निर्धारण, रासायनिक विश्लेषण वा प्रमाणिकरण गर्न चाहेमा तोकिएको दस्तुर तिरी त्यस्तो सेवा लिन सक्नेछ ।

(३) प्रयोगशालावाट प्रदान गरिने सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. **उत्पादन प्रमाणपत्र** : (१) कुनै व्यक्ति वा कुनै व्यवसायिक फर्मले आफूले उत्पादन गरेको वनस्पति वा वनस्पति स्रोतको प्रमाणित गर्न चाहेमा तोकिएको वनस्पति कार्यालय वा जिल्ला वन कार्यालयमा उत्पादन प्रमाण पत्रको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित वनस्पति कार्यालय वा जिल्ला वन कार्यालयले तोकिए वमोजिमको कार्यविधि पूरा गरी उत्पादनको प्रमाणपत्र दिनु पर्नेछ ।

(३) उत्पादनको प्रमाणपत्र सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुने छ ।

३४. **जफत वनस्पति वा वनस्पति श्रोतको व्यवस्थापन** : (१) यस ऐन बमोजिम जफत भएको कुनै वनस्पति वा वनस्पति श्रोतलाई शैक्षिक तथा वैज्ञानिक अध्ययन, अनुसन्धान प्रयोजनका लागि वा धार्मिक कार्यका लागि सार्वजनिक संस्था वा निकायलाई उपलब्ध गराउन सकिनेछ ।

(२) यस ऐन बमोजिम जफत भएको संरक्षित वनस्पति बाहेकको अन्य कुनै वनस्पतिको संरक्षण गर्न आवश्यक नभएमा वा सम्भव नभएमा प्रचलित कानुन बमोजिम लिलाम गर्न सकिनेछ ।

(३) यस ऐन वमोजिम जफत भएको वनस्पति वा वनस्पति स्रोत नेपालमा राख्न हानिकारक भएमा तोकिए बमोजिम नष्ट गरिनेछ ।

३५. **बिक्रि वितरण वा निकासी गर्न सक्ने** : (१) नेपाल सरकारले नेपाल भित्र रहेको वनस्पति मध्ये दफा ११ बमोजिमको संरक्षित वनस्पति बाहेकका अन्य वनस्पति वा वनस्पति स्रोत बिक्री वितरण तथा निकासी गर्न इजाजत दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वनस्पति स्रोतको बिक्री वितरण तथा निकासीको इजाजत सम्बन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

३६. **अभिलेख सम्बन्धी व्यवस्था** : (१) विभागले देहायको विवरणको अभिलेख राख्नु पर्नेछ :-

(क) दफा ४, ५, ८, १० र ११ बमोजिम दिइएको अनुमतिको अद्यावधिक विवरण,

(ख) दफा ३५ वमोजिम दिइएको इजाजतको अद्यावधिक विवरण,

(ग) दफा ३४ बमोजिम जफत भएको वनस्पति वा सोको नमूना सम्बन्धी विवरण,

(घ) तोकिए बमोजिमका अन्य विवरण ।

(२) नेपालमा भएका फूल फूल्ने र नफूल्ने सम्पूर्ण वनस्पतिहरुको तथ्याङ्क र अभिलेख राख्ने, प्रकाशनलाई प्रमाणिकरण गर्ने, नेपालमा प्राकृतिक रुपमा पाइने वा विदेशबाट कुनै माध्यमबाट नेपालमा प्रवेश भई नेपालमा पाइएका, भौगोलिक र प्राकृतिक अवस्थामा स्वतन्त्र रुपमा बाँचेका तथा प्रजनन क्षमता भएका फूल फुल्ने वा नफुल्ने वनस्पतिहरुको आधिकारिक अभिलेख रहने गरी विभागले "नेपाल फ्लोरा" प्रकाशन गर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम विभागले राख्ने अभिलेखको विवरणको ढाँचा तोकिए बमोजिम हुनेछ ।

३७. **पुरस्कार दिन सकिने** : (१) नेपालमा वनस्पति स्रोतको पहिचान, अध्ययन अनुसन्धान, संरक्षण र विकासमा उल्लेखनीय योगदान दिने व्यक्ति वा संस्थालाई प्रत्येक वर्ष तोकिए बमोजिम राष्ट्रिय वनस्पति पुरस्कार प्रदान गर्न सकिनेछ ।

(२) यस ऐन बमोजिम कसूर भएको वा हुन लागेको सूचना दिने र अनुसन्धान तहकिकात तथा सबूद प्रमाण संकलनको कार्यमा सहयोग पुऱ्याउने व्यक्तिलाई विभागले तोकिए बमोजिम पुरस्कार दिन सक्नेछ ।

३८. **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

३९. **अधिकार प्रत्यायोजन गर्न सक्ने** : विभागले यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियमावली बमोजिम आफुलाई प्राप्त अधिकारहरुमध्ये केहि अधिकार मातहतका निकाय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४०. **अनुसुचीमा संशोधन गर्न सक्ने** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

४१. **नियम बनाउने अधिकार** : नेपाल सरकारले यो ऐन कार्यान्वयनको लागि आवश्यक नियम बनाई लागु गर्नेछ ।

४२. **निर्देशिका तथा कार्यविधि बनाउन सक्ने** : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली कार्यान्वयन गर्नको लागि मन्त्रालयले आवश्यक निर्देशिका तथा कार्यविधि बनाइ लागु गर्न सक्नेछ ।

अनुसूची-१

(दफा २ को खण्ड (ठ) सँग सम्बन्धित)

**संरक्षित वनस्पतिहरु**

| क.सं. | नेपाली नाम | वैज्ञानिक नाम |
|---|---|---|
| १ | सुनगाभा/सुनाखरी | Orchid spp. |
| २ | रुख उन्यू | Cythea spinulosa. |
| ३ | कलवल/थाकल | Cycus pectinata |
| ४ | भ्याकुर/वन तरुल | Dioscorea deltoidea |
| ५ | जटामसी | Nardostychus grandiflora |
| ६ | लघुपत्र | Podophyllum hexandrum |
| ७ | सर्पगन्धा | Rauvolfia serpentina |
| ८ | लौठ सल्ला | Taxus wallichiana<br>Taxus mairei<br>Taxus contorta |
| ९ | भोटे लहरा | Gnetum montanum |
| १०. | क्यासर | Meconopsis regia |
| ११ | गुन्सी | Podocarpus neriifolius |
| १२ | भोटे चाँप/भालु काठ | Talauma hodgsonii |
| १३ | झरिकोटे/किम्वुक | Tetracentron sinensis |

| | | |
|---|---|---|
| १४ | पाँच औले | Dactylorhiza hatagirea |
| १५ | ओखरको बोक्रा | Juglanus regia |
| १६ | कुट्की | Neoicrorhiza scrophulariiflora |
| १७ | झ्याउ | Lichen spp. |
| १८ | सुगन्धकोकिला | Cinnamomum glaucescens |
| १९ | सुगन्धवाल | Valeriana jatamansi |
| २० | तालिस पत्र | Abies spectabilis |
| २१ | साल | Shorea robusta |
| २२ | सति साल | Dalbergia latifolia |
| २३ | विजय साल | Pterocarpus marsupium |
| २४ | वन लसुन, काकोली | Fritillaria cirrhosa |
| २५ | सतुवा | Paris polyphylla |
| २६ | काउलो | Persea odoratisima |